# ‘अजम्मरी गाउँ’ कथामा वर्गीय प्रतिनिधित्व

❋ *विजया बस्नेत*

***bijayabsnet9841@gmail.com***

***अध्ययनसार***

*प्रस्तुत अनुसन्धानात्मक लेखमा हरिहर खनालद्वारा लिखित ‘अजम्मरी गाउँ’ कथामा निहित वर्गीय प्रतिनिधित्वको अध्ययन गरिएको छ। यस अध्ययनमा मार्क्सवादका विभिन्न मान्यताहरूमध्ये मूलमान्यताका रूपमा रहेको वर्गीय प्रतिनिधित्वको आधारमा कथाको विश्लेषण गरिएको छ। अध्ययनका क्रममा कथामा रहेका सामन्तवर्ग र किसानवर्गको वर्गीय प्रतिनिधित्व केकस्तो अवस्था रहेको छ भन्ने कुरालाई मुख्य समस्याको रूपमा लिइएको छ। प्रस्तुत समस्याको प्राज्ञिक समाधानमा पुग्नको निम्ति विश्लेषणात्मक विधि तथा तर्कपद्धतिको उपयोग गरी वर्गीय प्रतिनिधित्वको अवस्था निरूपण गरिएको छ। तत्कालीन पञ्चायती समयमा समाजका सामन्त मुखियाहरूले किसानवर्गमाथि गरेको अन्याय, अत्याचार र श्रमशोषणलाई कथाको विषयवस्तु बनाई यस्ता शोषण, दमन र अमानवीय सरकारबाट समाजलाई मुक्त बनाउने उद्देश्य कथामा राखिएको छ। उनका कथामा ज्यालामजदुरी गरेर अर्काको निगाहामा बाँच्नुपर्ने गरिबहरूको शोषण गरी जीवन बिताउने सामन्तवर्ग, दुई गाँस खान र एकसरो लगाउन पनि निकै सङ्घर्ष गर्नुपर्ने किसानवर्गको वास्तविक तस्बिर उभ्याउँदै त्यसभित्र रहेको कुरूपताको चिरफार गरिएको छ। सामन्तवर्गले आफ्नो पहुँच कायम राख्नको लागि सदैव किसानवर्गमाथि शोषण र दमन गरेको कुरा उनका कथामा व्यक्त गरिएको छ भने किसानहरूमा पनि वर्गीय चेतनाको जागरण भएपछि बिस्तारै एकजुट भएर सामन्ती शोषणको अन्त्य गर्दै वर्गीय मुक्तिका लागि आफूमाथि कुटपिट गरी बाली लुटेर लैजाने सामन्तको अन्त्य गर्न सफल भएको कुरा किसानवर्गको प्रतिनिधि पात्र काले कामीले खुकुरी प्रहार गरी रत्नसिंह मुखियाको अन्त्य गरेको घटनाले पुष्टि गर्दछ। यसरी कथाको प्रारम्भतिर सामन्तवर्गको केन्द्रीय प्रतिनिधित्व रहे तापनि कथाको अन्त्यतिर आइपुग्दा किसानवर्गको केन्द्रीय प्रतिनिधित्व रहेको पाइन्छ। अत : ‘अजम्मरी गाउँ’ कथा वर्गीय प्रतिनिधित्वका दृष्टिले किसानवर्गको केन्द्रीय प्रतिनिधित्व रहेको कथा हो।*

**प्रमुख शब्दावली** : वर्ग, वर्गीय प्रतिनिधित्व, वर्गचेतना, सामन्तवर्ग र किसानवर्ग।

## विषयपरिचय

हरिहर खनाल (२००३) प्रगतिवादी धाराका सशक्त कथाकार हुन्। उनका *अजम्मरी गाउँ* (२०३७), *आकाश छुने डाँडामुनि* (२०३८), *देशपरदेश* (२०४६), *बमको छिर्का* (२०४७), *विगतआगत* (२०५५), *The voice of the mountain* (सन् २०००), *देशभित्र देश खोज्दै* (२०६०), *विघटन* (२०६३), *हरिहर खनालका छोटा कथाहरू* (२०६४), *अस्तित्वको खोजी* (२०६६) र *युद्धको पीडा* (२०७२) जस्ता कथासङ्ग्रहहरू प्रकाशित छन्। उनी आफ्ना कथायात्राको प्रारम्भदेखि नै मार्क्सवादी राजनीतिक दर्शनबाट प्रभावित भई प्रगतिवादी साहित्यिक मान्यताअनुसार कथा सिर्जना गर्ने सक्रिय कथाकार हुन्। उनका कथामा सामाजिक-राजनैतिक विसङ्गति, आर्थिक-सामाजिक असमानताले सिर्जना गरेका सामन्ती प्रथा, वर्गका बिचको सङ्घर्ष एवं त्यसबाट उत्पन्न भएको वर्गीय द्वन्द्वको चित्रण पाइन्छ। नेपाली समाजको वर्गीय विषमता र यसले सिर्जना गरेको समस्याको चित्रण, सर्वहारावर्गको वर्गीय सङ्घर्ष, शोषितपीडित जनताको मुक्तिको चाहना, व्यङ्ग्य, विद्रोह, प्रगतिवाद जस्ता विचारहरूको कलात्मक प्रस्तुति उनका कथामा पाइन्छ। ‘अजम्मरी गाउँ’ कथा पनि प्रगतिवादी साहित्यिक मान्यताका आधारमा सिर्जना गरिएका उनका यस्तै कथाहरू मध्येको एक चर्चित कथा हो। यो कथा *अजम्मरी गाउँ* कथा सङ्ग्रहमा सङ्गृहीत छ। तत्कालीन पञ्चायती समयमा समाजका सामन्त मुखियाहरूले किसानवर्गमाथि गरेको अन्याय, अत्याचार र श्रमशोषणलाई

❋ **लेखक स्वतन्त्र अनुसन्धाता हुन्।**

कथाको विषयवस्तु बनाई यस्ता शोषण, दमन र अमानवीय सरकारबाट समाजलाई मुक्त बनाउने उद्देश्य कथामा राखिएको छ। उच्चवर्ग र निम्नवर्गका बिचमा द्वन्द्व गराएर निम्नवर्गलाई विजयी गराउनु, आदर्शवादलाई अस्वीकार गरी भौतिकवादी जीवनदर्शनलाई प्रस्तुत गर्नु उनका कथात्मक वैशिष्ट्य हुन्।

सामाजिक, आर्थिक, सांस्कृतिक क्षेत्रमा समाजको कुनै वर्गले आफ्नो शक्ति, सत्ता र वर्चस्वका आधारमा प्रतिनिधित्व गरेका हुन्छन्, त्यसलाई वर्गीय प्रतिनिधित्व भनिन्छ। खासगरी हरिहर खनालका कथामा मूलतः वर्गीय संरचना, वर्गीय पहिचान, वर्गविभेद र वर्गीय असमानताजस्ता पक्षहरूमा वर्गीय द्वन्द्व र मुक्तिको स्वर पाउन सकिए तापनि आर्थिक वर्गीयताका आधारमा वर्गको प्रतिनिधित्व केकसरी भएको छ भन्ने उद्दश्यले प्रस्तुत लेख तयार पारिएको छ। यस उद्देश्यको परिपूर्तिका लागि 'अजम्मरी गाउँ' कथामा अभिव्यक्त वर्गीय प्रतिनिधित्वको अवस्था निरूपण गर्ने प्रयास गरिएको छ। प्रस्तुत अध्ययनका निम्ति प्राथमिक र द्वितीय स्रोतका सामग्रीहरूको उपयोग र तिनको व्याख्या विश्लेषण गरिएको छ। प्रस्तुत कथाको विश्लेषणका निम्ति मार्क्सवादको वर्ग सिद्धान्तमा आधारित सैद्धान्तिक मापदण्डलाई अवलम्बन गरिएको छ। कथालाई विस्तृत, सूक्ष्म र सघन पठन गरी मूल समस्याको प्राज्ञिक समाधानमा पुग्ने प्रयास गरिएको छ। प्रस्तुत अध्ययन पाठविश्लेषण पद्धतिमा आधारित छ। प्रस्तुत कथा मार्क्सवादका जुनसुकै कोणबाट प्रभावित भएर लेखिए तापनि मार्क्सवादको वर्गीय प्रतिनिधित्वका आधारमा मात्र यहाँ अध्ययन गरिएको छ।

**वर्गीय प्रतिनिधित्वको सैद्धान्तिक पर्याधार**

कुनै वर्ग, समाज वा स्थान विशेषका जनताले आफ्ना सट्टामा काम गर्न वा राय दिन चुनेर वा विश्वास गरेर पठाएको व्यक्ति प्रतिनिधि हो। त्यसको नेतृत्वलाई प्रतिनिधित्व भनिन्छ। राजनीतिक, सामाजिक, आर्थिक एवं धार्मिक क्षेत्रमा व्यक्ति वा समुदायको उपस्थितिलाई वर्गीय प्रतिनिधित्व भनिन्छ। सामाजिक एवं आर्थिक अवस्थाका व्यक्तिगत र समूहगत वर्गीकरणलाई वर्ग भनिन्छ (बाकर, सन् २०००, पृ. १८)। बाकरले प्रतिनिधित्वको केन्द्रीय विजय समाजको संरचना र त्यसमा जनसमुदायको प्रतिनिधित्व कसरी भएको छ भन्ने कुराको पुष्टि गरेका छन्। उनले विभिन्न सन्दर्भमा उत्पादन हुने अर्थहरूको खोजी गर्दा प्रतिनिधित्वको खोजी गर्नुपर्ने धरणा प्रस्तुत गरेका छन् (बाकर, सन् २०००, पृ. ७)। सामाजिक, आर्थिक, सांस्कृतिक क्षेत्रमा समाजको कुनै वर्गले आफ्नो शक्ति, सत्ता र वर्चस्वका आधारमा प्रतिनिधित्व गरेका हुन्छन्, त्यसलाई वर्गीय प्रतिनिधित्व भनिन्छ। दास युगमा दासमालिकले आफ्नो शक्ति समाजका दासवर्गमा प्रयोग गर्दछन्। समाजका सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक जस्ता क्षेत्रका अधिकारमा दासमालिकको पहुँच रहने गर्दछ। त्यसैले दास युगमा दासमालिक नै त्यस युगको प्रतिनिधि हो। सामन्ती युगमा सामन्त, पुँजीवादी युगमा पुँजीपति नै समाजका वर्गीय प्रतिनिधित्व हुन्। वर्गीय प्रतिनिधित्वको खोजी गर्नका लागि वर्गका बारेमा अध्ययन गर्नु आवश्यक भएको हुँदा यहाँ वर्गको अध्ययन गरिएको छ।

समाजका विभिन्न समूहहरू जो आर्थिक प्रणालीका आधारमा जन्मेका छन् ती वर्ग हुन्। वर्ग शब्दले दुई विरोधी अवस्थाहरू वा दुई भिन्न भिन्न गुणहरूको जोडा भन्ने अर्थ द्योतन गर्दछ (आप्टे, सन् १९६९, पृ. ९०१ )। वर्ग र वर्गसम्बन्धी मार्क्सवादी धारणालाई प्रस्तुत गर्दै रुसी वैज्ञानिक आन्तोनिना यार्माकोवा र बालेन्तिन रात्निकोवले वर्ग र वर्गसङ्घर्ष के हो ? भन्ने पुस्तकको सहलेखन गरेका छन्। उनीहरूले उक्त पुस्तकमा वर्गको परिचय दिएका छन्। सामाजिक वर्ग सामाजिक श्रमविभाजनको फलस्वरूप र उत्पादनका साधनमाथि निजी स्वामित्वको जन्मसँगै प्रकट भएको हो। निजी स्वामित्वले समाजलाई धनी र गरिव एवं शोषक र शोषित वर्गमा विभाजित गऱ्यो। जो मानिस उत्पादनका औजार र उत्पादनका साधनहरू (मिल, कारखाना, खन्ने साधन, रेलमार्ग आदि) का मालिक हुन्छन्, तिनले दोस्रो समूहका मानिसहरूबाट काम गराउने सम्भावना प्राप्त हुन्छ। यही कारणले उत्पादन साधनहरूका मालिकहरूले दोस्रो समूहका मानिसहरूबाट श्रम हत्याउँछन्। मानिसहरूको एउटा समूहलाई अर्को समूहले शोषण गर्दछ। पहिलो समूह सदैव बहुसङ्ख्यामा र दोस्रो समूह अल्पसङ्ख्यामा हुन्छ। आन्तोनिना र बालेन्तिनले वर्गलाई सामाजिक विभाजन र निजी स्वामित्वका कारण जन्मेको आर्थिक भेदका परिणामका रूपमा चिनाएका छन्। उनीहरूले निजी स्वामित्वका कारण मालिकले श्रमको शोषण गर्ने तथा श्रमिक शोषित हुने हुँदा वर्गीय

असमानता र भेद जन्मन गएको अवस्थालाई देखाउँदै वर्गको उत्पत्ति र परिचयलाई प्रस्तुत गरेका छन् (यार्माकोवा र रात्निकोव, सन् १९८८, पृ. २२) । तसर्थ आर्थिक असमानताका आधारमा समाजमा वर्गको उत्पत्ति भएको हो ।

वर्ग शब्दको अत्यधिक प्रयोग मूलत : मानवसमाजको ऐतिहासिक विकासको अध्ययन गर्ने क्रममा र राजनीतिक सन्दर्भमा नै बढी मात्रमा हुने गरेको छ। मानवसमाजका सन्दर्भमा वर्ग भनेको मानिसहरूको सामाजिक समूह हो जसमा दास र दासमालिक, किसान र सामन्त अनि मजदुर र पुँजीपति मुख्य वर्ग हुन् । आदिम समाजदेखि समाजवादी समाजसम्मको इतिहासको अध्ययन गरी कार्लमार्क्स र फ्रेडरिक एङ्गेल्सले वर्ग र वर्गीय स्वरूपका बारेमा शोधपूर्ण र प्राक्ककल्पनात्मक अनुसन्धान र अनुमान गर्नुका साथै वर्गहरूका मौलिक विशेषता समेतको सङ्केत गरेको पाइन्छ। श्रम र श्रमको मूल्याङ्कनमा देखापरेका भिन्नताका कारण वर्गोत्पत्तिको आधारशिला बनेको हो। उत्पादन र उपभोगबिचको सम्बन्धका कारण वर्गहरूको उत्पत्ति भएको हो। उत्पादनका सम्बन्धहरूको साधनप्रतिको सम्बन्धबाट नै सामाजिक उत्पादनमा वर्गहरूको स्थान र भूमिका निर्धारण हुन्छ। त्यसैबाट आम्दानीको मात्रा र त्यसको प्राप्तिको पद्धति निरूपित हुन्छ भन्ने कुरा मार्क्सवादमा बताइएको छ।

मार्क्सवाद पश्चिमी साहित्य अध्ययन परम्परामा विकसित भएको १९ औँ शताब्दीको पूर्वाद्धमा प्रादुर्भाव भएको सिद्धान्त हो । मार्क्सवादको प्रादुर्भाव हुनुभन्दा धेरै पहिले नै वैज्ञानिकहरूले समाजका मानिसहरू वर्गमा विभाजित हुन्छन् र समाजमा वर्गसङ्घर्षको अस्तित्व हुन्छ भन्ने कुरा पत्ता लगाएका थिए। जीवनप्रति आध्यात्मिक दृष्टिकोणले गर्दा उनीहरूले वर्गहरूमा समाजको विभाजनको वस्तुगत आधार ठम्याउन सकेका थिएनन् । समाजको वर्गीय विभाजनको आधार मानवसम्बन्धहरूको मुख्य क्षेत्र भौतिक उत्पादनको क्षेत्रमा खोज्नुपर्ने कुरा चाहिँ पत्ता लागेको थिएन। मार्क्सको वैज्ञानिक तथा दार्शनिक चिन्तनको सम्पूर्ण गतिविधिबाट नै मार्क्सवादको प्रादुर्भाव भएको हो। १९ औँ शताब्दीको पूर्वाद्धमा जर्मनीका महान् दार्शनिक कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्स मिलेर राजनैतिक चिन्तन र सिद्धान्तका रूपमा मार्क्सवादको प्रतिपादन गरे । यो सिद्धान्तको प्रतिपादन सामाजिक मूलधारबाट भएको हो । यसलाई क्रान्तिको विज्ञान पनि भनिन्छ। यो विश्वका श्रमजीवी वर्गको मुक्ति र नयाँ विश्व निर्माणका लागि सबल र बौद्धिक अस्त्र पनि हो (श्रेष्ठ, २०६५, पृ. ७५) । विश्व सर्वहारावर्गका महान् नेता भी.आइ.लेनिनले *महान् दृष्टान्त* नामक कृतिमा वर्गको सर्वाङ्गीण परिभाषा दिएका छन्। उनका अनुसार मानिसका ठुलाठुला समूह नै वर्ग हुन्। वर्ग सामाजिक उत्पादनको इतिहासद्वारा निर्धारित पद्धतिमा आफ्नो स्थानका आधारमा, उत्पादनका साधनप्रति आफ्नो सम्बन्धका दृष्टिले (अधिकांश अवस्थामा कानुनद्वारा स्थापित र निरूपित), श्रमको सामाजिक सङ्गठनमा आफ्नो भूमिकाका दृष्टिले र त्यही आधारमा उसका साथमा रहने सामाजिक सम्पदाको हिस्सा प्राप्तिको विधि तथा आकारका दृष्टिले एक अर्काबिच भिन्न हुन्छन्। वर्ग मानिसको त्यस्तो समूह हो जसमा एउटा समूहले सामाजिक अर्थव्यवस्थाको निश्चित पद्धतिमा आफ्नो स्थानको भिन्नतालाई बदल्दै दोस्रो समूहको श्रमको शोषण गर्दछ (लेनिन, सन् १९८५, पृ.३३-३४) । लेनिनको यस परिभाषाबाट के स्पष्ट हुन्छ भने निश्चित सामाजिक उत्पादन पद्धतिभित्र रहेका मानिसहरू उत्पादनका साधनहरू माथिको स्वामित्व, उत्पादन कार्यमा श्रमलगानी र उत्पादित वस्तुको हिस्सा एवं हिस्सा प्राप्तिको तरिकाका कारणले विभिन्न समूहमा विभाजित हुन्छन्। वर्ग विभाजनका उपर्युक्त कारणहरूमध्ये पनि उत्पादनका साधनहरूमाथिको स्वामित्वको सवाल नै प्रमुख सवाल हो किनकि अरू सवालहरू त्यसैद्वारा निर्धारित हुन्छन्। लेनिनले वर्गको परिचय उत्पादनका साधनमा स्वामित्व, श्रममूल्य र शोषण तथा श्रेणीकरणमा आधारित भएर दिएका छन। वर्गसम्बन्धी उनको यो दृष्टिकोण मार्क्सवादी दृष्टिले शक्तिशाली रहेको छ (भट्टराई, २०७७, पृ.१६४) । उत्पादनका सम्बन्धहरूको साधनप्रतिको सम्बन्धबाट नै सामाजिक उत्पादनमा वर्गहरूको स्थान र भूमिका निर्धारण हुन्छ। त्यसैबाट आम्दानीको मात्रा र त्यसको प्राप्तिको पद्धति निरूपित हुन्छ। समाजमा भाषा, धर्म र संकृतिमा रहेका वर्गहरूको जमात रहेको हुन्छ। यो सामाजिक प्रणालीको निश्चित ऐतिहासिक क्रममा आफ्नो स्थानको दृष्टिले, उत्पादनका साधनहरूसँग आफ्नो सम्बन्धका दृष्टिले जुन अधिकांश कानुनद्वारा सुनिश्चित र प्रतिपादित हुन्छ। सामाजिक अर्थव्यवस्थाको निश्चित प्रणालीमा अलग अलग किसिमको स्थान ग्रहण गर्ने हुनाले वर्गहरू मानिसका यस्ता समूह हुन् जसमध्ये एकले अर्काको शोषण गर्दछन्। त्यसैबाट वर्गसङ्घर्षको निर्माण हुन्छ र द्वन्द्वको स्थिति पैदा हुन्छ।

वर्ग समाजको आर्थिक विभेदपूर्ण स्थितिलाई जनाउने शब्द हो। धन, इज्जत, शक्ति र अधिकारको प्राप्ति र वञ्चितीकरण तथा अधिनस्थता र उत्पीडनका कारण समाजमा वर्गको उदय भयो। वर्ग त्यस्तो सामाजिक अवधारणका रूपमा स्थापित छ

जहाँ आर्थिक उत्पादनका साधनमाथिको स्वामित्व तथा त्यसका माध्यमबाट शोषण गर्ने प्रवृतिका कारण समाजमा यसको जन्म हुन्छ। वर्गको चरित्र अस्थायी हुन्छ। सत्ता, शक्ति र उत्पादनका साधनको पहुँच र हेरफेरका आधारमा एउटा वर्ग र अर्को वर्गका बिच हुने क्रान्तिका कारण वर्गको स्थितिमा परिवर्तन आउँछ। समयानुसार समाजमा विभिन्न वर्गहरू जन्मेका हुन्छन्। लेनिनले समाजमा उत्पीडक र उत्पीडित समूहलाई देखाउँदै दुई विरोधी वर्गका बारेमा ऐतिहासिकपरक धारणा व्यक्त गरेका छन्। उत्पीडक वर्ग नै प्रमुख वर्ग हुन्। दासप्रथात्मक समाजमा दास र स्वामी, सामन्तवादमा किसान र सामन्त (जमिनदार), पुँजीवादमा सर्वहारा र पुँजीपतिवर्ग, वर्गविभाजित समाजका प्रतिनिधित्व गर्ने वर्गहरू हुन्। वर्ग सिद्धान्तमा आधारित रहेर लेखिएका हरिहर खनालका कथामा विभिन्न वर्गहरूलाई समेटिएको छ। वर्ग, वर्गीयता एक अर्कामा अन्तरसम्बन्धित हुन्छन्। वर्ग वर्गीयताको आधार हो र वर्गीयताले वर्गको निर्धारण गर्दछ। साम्यवादी व्यवस्थाका लागि वर्गसङ्घर्ष र वर्गद्वन्द्वको आवश्यकता पर्दछ। वर्ग र वर्गसम्बन्धी विशिष्टता एवं वर्गहरूका ऐतिहासिकतामा नै वर्गीयता हुने भएकाले वर्गका आधारभूत प्रकार, तिनका मौलिक विशिष्टता र तिनका सामाजिक, आर्थिक तथा ऐतिहासिक स्वरूपको पहिचान गरेर वर्गीय प्रतिनिधित्वका बारेमा स्पष्ट हुन सकिन्छ। हरिहर खनालको 'अजम्मरी गाउँ' कथामा भएका वर्गहरूमध्ये सामन्त र किसानवर्गको प्रतिनिधित्वको अध्ययन प्रस्तुत आलेखमा गरिएको छ।

**'अजम्मरी गाउँ' कथामा सामन्तवर्गको प्रतिनिधित्व**

प्रस्तुत कथामा रहेका वागलुङको मुखिया तथा ज्यामिरेको रत्नसिंह मुखिया सामन्तवर्गका प्रतिनिधि पात्र हुन्। पञ्चायती समयका मुखिया, सामन्तहरूबाट किसानवर्गमाथि भएको अन्याय र अत्याचारको चित्रण यस कथामा गरिएको छ। समाजका सामन्तहरूले किसानवर्गमाथि गरेको अन्याय, अत्याचार र श्रमशोषणलाई कथाको विषयवस्तु बनाइएको छ। शोषण, दमन र अमानवीय सरकारबाट समाजलाई मुक्त बनाउने उद्देश्य कथामा राखिएको छ। परम्परागत तुच्छ मूल्यको मात्र नभई संस्कृतिको पनि यसले विरोध गरेर शोषणसहितको मानवतावादी संस्कार र समाजको विरोध गर्दै शोषण र अन्यायको विरोधमा आवाज बुलन्द गर्नु नै सुसंस्कृतिको विकास गर्नु हो भन्ने प्रगतिवादी विचारको प्रतिपादन यस कथामा गरिएको छ (पौड्याल, २०४९, पृ. ४७)। नेपालमा १०४ वर्षसम्म जरो गाडेर बसेको राणाशासनको अन्त्य गर्दै २००७ सालमा नेपाली जनताको खोसिएको अधिकार फिर्ता गरिए तापनि त्यो व्यवहारमा लागु हुन सकेन। २०१७ सालमा लादिएको पञ्चायती शासनले झन यसलाई बढवा दिने काम गर्‍यो। जग्गा, जमिन र सम्पत्तिको अधिकार सामन्तवर्गमा कायमै गर्‍यो। २०३६ सालमा भएको नाम मात्रको जनमत सङ्ग्रहले निरङ्कुश पञ्चायती शासनलाई निरन्तरता दियो जसका कारण मानव जीवनमा सामाजिक सुधारको सङ्केतहरू कतै पनि देखिएनन्। सामन्तवर्गले किसानवर्गलाई सधैँ लुटिरहे। समाजमा रहेका शोषकवर्गबाट शोषित अर्थात् किसानवर्ग कसरी प्रताडित हुन पुग्छन् भन्ने मार्मिक दृष्टान्त यस कथामा रहेका पात्रहरूको जीवन वृत्तान्तबाट प्रष्ट हुन्छ। समाजका निम्न वर्गीय काले कामी तथा सन्तेजस्ता किसानहरूलाई सर्वहारा बन्न बाध्य पारी रत्नसिंह मुखियाजस्ता सामन्तले लगाएको बाली लुट्ने, तिनका झुप्रामा आगो लगाइदिने तथा गुण्डाहरू लगाएर मरणासन्न अवस्था बनाई पिट्ने जस्ता कार्य गरे तापनि त्यसको सामन्ती सरकार तथा प्रशासनबाट न्याय पाउन नसकिएको कुरा कथामा व्यक्त भएको छ।

प्रस्तुत कथामा बागलुङको मुखिया तथा ज्यामिरेको रत्नसिंह मुखियालाई उपस्थित गराई सामन्तवर्गको प्रतिनिधित्व गराइएको छ। कथामा वर्गको अवस्था आर्थिक रूपमा मात्र नभई हैसियत र शक्तिका रूपमा पनि प्रकट भएको छ। 'अजम्मरी गाउँ' कथामा रहेको रत्नसिंह मुखिया भूस्वामी वा सामन्तवर्ग हो भने कामीहरू भूदास वा किसानवर्ग हुन्। हरिहर खनालको यस कथामा सामन्ती शासनबाट समाज चलेको छ। प्रस्तुत कथामा सामन्ती युगमा उत्पत्ति भई आजसम्म पनि जरो गाडेर रहेका रत्नसिंह मुखियाजस्ता सामन्तले सोझा किसानहरूलाई ज्यामिरे पाखो फाडेर सित्तैँमा बस्नदिने प्रतिज्ञा गरी बद्लामा दुईवटा पक्की घर बनाउन लगाएर वर्षको प्रतिघर पाँच जना खेताला लिदै आएकोमा उत्तिसघारी र घाँटुघारीको रूपमा रहेको ज्यामिरे पाखो वर्षौंसम्मको मेहनतले उर्वर पारी लहलह बाली झुल्न थालेपछि किसानहरूलाई त्यहाँबाट हटाउन लागेको कुरा निम्नलिखित उदाहरणबाट पुष्टि हुन्छ :

> *ज्यामिरे पाखामा बसोबास गरिरहेका यी चौध घर कामीहरूको पुरानो बस्ती बागलुङमा थियो । पुरानो बस्तीमा पनि मुखियाले गर्दा घर-घडेरी छोडेर बसाइँ सर्न डोको बोकेर झरेका थिए अनिश्चित ठाउँमा जान यी कामीहरू बाध्यतालाई स्वीकार गरेर । ...पन्ध्र वर्षअघि कुम्लो बोकेर मधेश झर्न कस्सिएका यी कामदारलाई बीचैमा रोकेर जङ्गलका बुटा फाँड्न लगाएको थियो रत्नसिंह मुखियाले । ....उनीहरूले उन्यूँघारी, कटुसघारी र घाँटुघारीमा एउटा रमाइलो गाउँको जग बसाले । .... रत्नसिंह मुखियाले उनीहरूको बसोबासको प्रबन्ध गरिदिएकोमा सालिन्दा उनीहरूले घरैपिच्छे पाँचवटा खेताला तिर्नुपर्थ्यो । योभन्दा बाहेक रत्नसिंह मुखियाको वचन राखेर उनीहरूले दुईवटा पक्की घर बनाइदिएका थिए । सगाउको नाताले काम लगाउन पल्केको मुखियाले खाजासम्म पनि खान दिएको थिएन । तैपनि उनीहरूले मुखियालाई रिझाउन भनेर भोक, प्यास र परिश्रमको मूल्य बिर्सिदिएर आफ्नै निजी काम गरेजस्तै ठानेर चित्त बुझाएका थिए । ज्यामिरेको भेकैभरि कटुसघारी र घाँटुघारीको सट्टा मकै, कोदो र गहतका झ्याङ देख्दा रत्नसिंहको मुख रसाएर आयो । उसले कामीहरूसँग व्यवहार बदल्दै गयो । एक वर्षअगाडि एक दिन रत्नसिंह मुखिया आएर उनीहरूसँग अधियाँ बाली माग्यो । मुखियाले त्यो समयमा भनेको थियो "अधियाँ बाली दिदैनौं भने तिमीहरूले अर्कै बस्ने ठाउँ खोज ।" त्यै बेला ऊ अझ रिसाएर कराएको थियो । "हेर साला डाङ्ग्रा हो, तिमीहरूका झुप्रामा सलाई कोरेर आगो लगाई दिनेछु ।" मुखियाको कुराले सबै गाउँले छक्क परेका थिए । उनीहरू चिन्तित हुँदै थिए (पृ. १९-२०) ।*

प्रस्तुत कथांशमा रहेका बागलुङको मुखिया तथा ज्यामिरेको रत्नसिंह मुखिया नेपाली समाजमा रहेका सामन्तवर्गका प्रतिनिधि पात्र हुन् । आफ्नो स्वामित्वमा जग्गा-जमिन नभएका कारण मुखियाले लखेट्दा बागलुङबाट घर-घडेरी नै छोडेर बाँच्ने आधार खोज्दै हिंडेका यी किसानहरू तराई झरेका थिए तर रत्नसिंह मुखियाले लोभलालच देखाई ज्यामिरे पाखो फाडेर बस्न लगाउँछ । तिनीहरूलाई ज्यामिरे पाखो सित्तैमा दिने वचन दिई दुईवटा पक्की घर बनाउन लगाउँछ भने घरैपिच्छे पाँचवटा खेताला तिर्नुपर्ने सर्त पनि राख्दछ । सोझा कामीहरू उसको विश्वासमा पर्दछन् र सोही सर्त मन्जुर गरी दुईवटा पक्की घर बनाउँछन् भने प्रतिवर्ष घरैपिच्छे पाँचवटा खेताला पनि तिरिरहेका हुन्छन् । गरिबको श्रमशोषण गर्न बानी परेको मुखियालाई अनकन्टार भीरपाखामा आवाद गरेर रहरलाग्दा बालीहरू झुलेको देखेपछि लोभ लाग्दछ । उसले कामीहरूलाई त्यहाँबाट लखेट्ने कुविचारले पन्ध्र वर्षपछि आएर अधियाँ बाली माग्दछ । अधियाँ बाली नदिएमा सलाई कोरेर तिनका झुप्राहरूमा आगो लगाइदिने धम्की दिन्छ । किसानहरूको रगत र पसिनाको शोषण गर्न पल्केको मुखियालाई तत्कालीन सामन्ती सरकार तथा प्रशासनले पक्षपोषण गर्नुले उसको मनोमानी अझ बढेको देखिन्छ । उसको अधिनमा घर-घडेरी तथा अथाह जग्गा-जमिन भएका कारण उसको स्तर समाजमा सामन्तवर्गका रूपमा रहेको छ भने कामीहरूको आफ्नो स्वामित्वमा केही पनि नभएका कारण सधैँ सामन्तबाट लखेटिरहन र सर्वहारा भएर बाँच्न विवश छन् । यसरी कथाको प्रारम्भतिर सामन्तवर्गको केन्द्रीय प्रतिनिधित्व रहेको पाइन्छ ।

नेपाली समाजमा पञ्चायतकालीन राज्यव्यवस्था पछि पनि सामन्ती शोषण कायमै रहेको पाइन्छ । ऐतिहासिक भौतिकवादका अनुसार मानव समाजमा पुँजीवादभन्दा अगाडि सामन्तवादको स्थापना भएको हो । भौतिक विकासको क्रम बढ्दै जाँदा वर्गीयताको जन्म भयो । व्यक्तिगत स्वामित्वको विकास र सामुदायिक स्वामित्वको अन्त्यको साथसाथै मानिसहरूका बिचमा आर्थिक असमानता बढ्दै गयो । खासगरी कुलीन वर्गका मानिसहरू धनी बन्दै गए । उनीहरूले उत्पादनका सामुदायिक साधनहरूमाथि प्रभुत्व जमाए । यी साधनबाट वञ्चित भएका मानिसहरू तिनका मालिकहरूको निमित्त काम गर्न बाध्य भए । यसरी आदिम समाजको पतनको प्रक्रिया सुरु भयो र वर्गविभाजन हुन थाल्यो । परस्पर विरोधी वर्ग र शोषणको प्रादुर्भावद्वारा यो प्रक्रिया पूरा भयो । यसरी दास प्रथात्मक सामन्ती व्यवस्थाको स्थापना भई वर्गहरू देखापरे र सामन्तवर्गको उत्पत्ति भयो । त्यसपछि वर्गीय भेदभावको जन्म भई शोषण बढ्न गएको हो (आफनास्येभ, सन् १९८५, पृ. ६०) । हरिहर खनालको प्रस्तुत कथामा स्वार्थनिहित मुखिया, सामन्तहरूले शक्ति र सम्पत्तिका कारण निम्नवर्गका रूपमा रहेका किसानहरूलाई चरम शोषण गरेका छन् । उनका कथामा भूस्वामीवर्ग र भूदासवर्गहरू रहेका छन् । भूस्वामीवर्ग जग्गा-जमिन र धनसम्पत्तिको मालिक भएर किसानवर्गमाथि शासन गर्दछन् भने किसानवर्ग रातदिन माटोमा रगत र पसिना बगाएर पनि दुईछाक खान पाउने आसैआसमा जीवन गुजारिरहेका छन् । आफूहरूले जमिनदार रत्नसिंहजस्ता सामन्तको सर्त पूरा गरी बाली लगाए पनि बाली पाक्न नपाउँदै

सामन्तले त्यहाँबाट लखेट्ने मनसायले बाली लुट्न आएको र सोझा किसानहरूलाई गुण्डा लगाएर कुटपिट गरेको घटनालाई निम्नलिखित उदाहरणले पुष्टि गर्दछ :

> *"ल अब यहाँबाट सुरु गर" ज्यामिरेमा आइपुग्ने बित्तिकै रत्नसिंह मुखियाले कोदोबारी र गहतबारीमा खेतालालाई पस्ने आदेश दियो । अनगिन्ती मान्छेका हुलले ज्यामिरे पाखाका गराहरू ढाकेर कोदो टिप्न थाले । रत्नसिंह मुखिया ५/६ जना भुसतिघ्रे लिएर माथिल्लो डिलमा मस्तसँग उभिएको थियो । ...रत्नसिंह मुखियाले उसका गोरुका जत्रा आँखा काले र सन्तेतिर पल्टायो र रिसाहा स्वरमा कुर्लियो, "ए डाँका हो ? के हेर्छौ ? लौ खाऊ अब, मेरो गु खाऊँ" । एकैछिनमा सबै मान्छे जम्मा भए । ...बीस वर्षे काले र सत्र वर्षे सन्ते एक साससमा उम्लेर बारीमा पुगे र प्रत्येकको हँसिया, थुन्से र डाला आदि खोस्न थाले । ....एउटा मान्छेको हँसियाले सन्तेको नाडीबाट एउटा चोक्टा मासु काटिदियो । ...सन्ते अलिपरसम्म पुगेर कान्लामुनि पछारियो । अनि कालेको टाउकोमा एउटा सहनै नसक्ने लाठीको चोट आएर बज्र्यो । उसको टाउको फुटेर रगत तरर बग्यो । उसका आँखा तिर्मिराउन लागे । लरबरिँदै ऊ पनि अलिपर गएर डङ्रङ्ग लड्यो (पृ. १८-१९) ।*

प्रस्तुत कथांशमा रहेको रत्नसिंह मुखिया समाजमा रहेका सामन्तवर्गको प्रतिनिधि पात्र हो । तत्कालीन पञ्चायती सरकारले मुखिया बनाइदिएका कारण उसले सम्पूर्ण जग्गाजमिन आफ्नो कब्जामा पार्न सफल भएको छ । मुखिया भएका कारण आज्ञापालन गर्दै उसका खेताला तथा उसले पालेका गुण्डाहरू कामीहरूले लगाएको बाली लुट्न आएका छन् । सोझा किसानहरूलाई सामन्ती शासनको आडमा उसले ठुलो अन्याय र अत्याचार गरेको छ । आफू विरुद्ध किसानहरू एकजुट भई लड्ने डरले गर्दा अङ्गरक्षकका रूपमा उसले गुण्डाहरूलाई पनि सँगै लिएर आएको छ । ज्यामिरे पाखो आवाद गरेर बस्न दिएको सट्टामा उसले दुईवटा पक्की घर र वर्षको प्रतिघर पाँचवटा खेताला लिए पनि किसानवर्गको रगत र पसिना चुसेर पुँजीपति बनेको रत्नसिंहलाई लहलह बाली झुलेको देखेपछि लोभ लाग्न थाल्छ । उसले कामीहरूलाई त्यहाँबाट हटाउने सुरुमा बाली लुट्न आउँछ । आफूले लगाएको बालीको सुरक्षा गर्दै काले र सन्तेले त्यो भीडसँग प्रतिवाद स्वरूप डाला, थुन्से आदि खोस्न खोजे पनि उसका गुण्डाहरूका अगाडि उनीहरूको कुनै जोर चल्दैन । सन्तेको हात काटेर मासुको चोक्टा नै निस्किएकाले ऊ मुर्छा पर्छ साथै काले पनि गुण्डाहरूको लाठीको प्रहारबाट टाउको फुटेर भूईंमा ढल्छ । यसप्रकार समाजमा रहेका रत्नसिंहजस्ता सामन्तवर्गले किसानवर्गको रगत र पसिनाको चरम शोषण गर्दछन् जसका कारण सामन्तवर्गहरू उच्चस्थानमा पुग्छन् भने गरिब किसानहरू मर्नु न बाँच्नुको अवस्थामा हुन्छन् ।

यसरी सामन्तवर्गले धन र बलजस्ता कुरामा आफूलाई सक्षम बनाउन शक्तिको प्रयोग गरी किसानहरूलाई सबै कुरामा कमजोर बनाउनु सामाजिक विकृति नै हो । समाजमा रहेको यही बेथितिले गर्दा नै शोषण जन्मिएको हो । यहाँ पुँजीपतिवर्ग वा सामन्तवर्गको शोषणमा किसानवर्ग शोषित हुनुपरेको छ । शोषकवर्गका रूपमा रहेका रत्नसिंह मुखियाजस्ता व्यक्तिहरूले राज्यको कानुन र अधिकार आफ्नो हातमा पारेका छन् । सबै वर्गका लागि कानुन बनेको भए तापनि त्यो कागजी रूपमा मात्र सीमित छ । त्यसको कार्यान्वयन राज्य तर्फबाट आज पनि व्यवहारिक रूपमा हुन सकेको छैन । रत्नेजस्ता मुखियाहरू पुँजीवादी व्यवस्थाका कारण समाजमा सामन्ती हुन पुग्छन् । तिनले आफ्नो शक्ति, सत्ता र अधिकारको प्रयोग निम्नवर्गका व्यक्तिहरूमाथि लादेर आफू शक्तिशाली बन्ने प्रयत्नमा लागिरहन्छन् । मानवसमाजको रूपान्तरण वर्गविहीन समाजबाट वर्गीय समाजमा कसरी भयो र वर्गीय समाजको प्रारम्भसँगै वर्गीय शोषण र वर्गीय द्वन्द्व कुन रूपमा देखापरेका छन् भन्ने कुरालाई उत्पादन र उपभोग सम्बन्ध सहित खनालका कथामा देखाइएको छ । सामन्तवर्गको उत्पत्ति भएको लामोसमय बितिसक्दा पनि शोषण गर्ने प्रथाको अवशेष ठुला र सामन्ती वर्गमा कायमै रहेको कुरा कथाले देखाउँछ । यस कथामा रहेका वर्गहरूमा सामाजिक संरचना र आर्थिक प्रणालीका आधारमा ठुलो भिन्नता रहेको छ । खनालको यस कथामा सामन्तवादसँगै हुर्किएको सामन्ती प्रथा र समाजवादी वैचारिकताको पक्षलाई केलाउने प्रयत्न गरिएको छ । कथामा मानवजीवनको जीवनस्थिति र वर्गीय विभेदका पक्षहरूबिच प्रश्न उठाइएको छ ।

**'अजम्मरी गाउँ' कथामा किसानवर्गको प्रतिनिधित्व**

प्रस्तुत कथामा परिश्रमी किसानहरूको रगत, पसिना र विद्रोहको चित्रण छ (चैतन्य, २०६५, पृ. १७) । नेपाली कथा परम्परामा समाजवादी यथार्थवादमा आधारित रहेर लेखिएको यो कथा सर्वहारावर्गको प्रतिनिधित्व गर्ने सफल कथामा पर्दछ। नेपाली जनजीवनको पीडालाई यथोचित ढङ्गले पाठकसामु प्रस्तुत गर्ने काम यस कथामा गरिएको छ। ग्रामिण मुखिया र ठालुहरूको थिचोमिचोमा परेका निम्न वर्गीय नेपाली किसानहरूको जीवन भोगाइका पक्षहरूलाई यस कथामा चित्रण गरिएको छ। यदि कानुन र प्रशासनलाई जनता विरुद्ध अन्यायमा अग्रसर गराइन्छ भने तिनीहरू विरुद्ध लड्न जनता सचेत र सक्षम भएको कुरालाई यस कथामा देखाइएको छ (पौड्याल, २०४९ पृ. ४६) । बागलुङको मुखियाले दिएको पीडाबाट आजित भएर मदेशतिर बसाइँ हिँडेका कामीहरूलाई रत्नसिंह मुखियाले बिचैमा रोक्छ र जग्गाको प्रलोभन देखाएर ज्यामिरे पाखो आवाद गर्न लगाउँछ। चौध घर परिश्रमी किसानहरूले त्यहाँ बाली झुलाउँछन्। रत्नसिंहले न्याल काढ्छ र गुण्डाहरू बटुलेर त्यो बाली लुट्छ। यस घटनाबाट किसानहरूमा ऊप्रति असीम घृणा उत्पन्न हुन्छ। सन्ते, काले र मंगले आदि युवकहरूले सल्लाह गर्छन् र एकदिन उसलाई आक्रमण गर्छन् । कालेको खुकुरीको प्रहारले उसको अन्त्य भै कथाको विषयवस्तु टुङ्गिन्छ (चैतन्य, २०६५, पृ. ४६-४७) । हरिहर खनालको यस कथामा उच्चवर्गले निम्नवर्गमाथि गरेको अन्याय, अत्याचार, शोषण, दमन र त्यसको प्रतिकार स्वरूप गरिएको सङ्घर्षको चित्रण गरिएको छ।

प्रस्तुत कथामा रहेका काले कामी, सन्ते तथा चौध घर कामीहरू श्रम गरेर जीविकोपार्जन गर्ने किसानवर्गका प्रतिनिधि पात्र हुन् । यस कथामा नेपाली समाजमा रहेका सामन्तवर्गका व्यक्तिहरूको हातमा नै जग्गाजमिन, धनसम्पत्ति, कानुन एवं सम्पूर्ण कुरा तिनको अनुकूल हुने हाम्रो सामाजिक संरचना रहेको कुरा प्रष्ट पारिएको छ। गरिब किसानहरूले बाझो धर्तीमा परिश्रम र पसिनाले सिञ्चेर हराभरा पारे पनि नेपाली समाजमा रहेका रत्नसिंहजस्ता सामन्तहरूले लुटेर खाने परम्परा र संस्कृतिलाई कथाको विषयवस्तु बनाइएको छ। किसानवर्ग जीवनभर माटोमै श्रम गरेर बाँचेको हुन्छ। यो वर्ग वर्षभरि श्रम गरेर जीविकोपार्जन गर्दछ तर उसको आफ्नो भूमि हुँदैन र जीवनयापनका लागि भूस्वामी वर्गमा आश्रित हुन्छ। उनीहरू सामन्तवर्गको हलो र फाली सिरानी हालेर बाँचेका हुन्छन् तर तिनको स्वामित्वमा एक चिम्टी माटो पनि हुँदैन। यिनीहरूले वर्षभरि श्रम गर्छन तर त्यसबाट उब्जेको अन्न जमिनदारवर्गको ढुकुटीमा जाने हुँदा तिनको साथमा केही दिन खाने अन्न पनि हुँदैन। यस्ता वर्गको पक्षमा न त सरकारले नै केही गरेको देखिन्छ, न सरकारले खटाएका कर्मचारीले नै। उनका कथामा आर्थिक अभाव र गरिबीका कारण कष्टप्रद जीवन भोग्न बाध्य किसानहरूको पीडालाई व्यक्त गरिएको छ। आफ्नो स्वामित्वमा जग्गाजमिन नहुनुको विडम्बना र अन्य अर्थोपार्जन गर्ने कुनै माध्यम नभएका कारण यी किसानहरू गरिबीमा बाँचेका छन्। गरिबीका कारण यिनीहरूलाई एक पेट खान, एक झुम्रो लगाउन र दुई प्रहर रात काट्न पनि धौधौ परेको कुरा निम्नलिखित उदाहरणबाट प्रष्ट पारिएको छ :

> *चिसो रातले डाँडाकाँडा, फेदी, भन्ज्याङ; पाखापखेरा, बेसीहरूलाई अँगालेर अँध्यारोमा गुटमुट्याउदै क्रमशः अगाडि बढ्दै थियो। दैलाको पर्लेटोलाई घचेट्दै भित्र पसेको जाडोको एक झोक्काले कालेको जीउभरि काँडा उमारिदियो। बर्कोलाई मिलाएर उसले खुट्टा खुम्च्यायो र कुममा मुण्टो अड्यायो। अँगेनामा बलेको आगोको अस्पष्ट रापले कालेको निधारमा खत देखाइदियो कालेकी आमालाई। बूढीको मन फेरि एक पटक कुँडुलियो। आँखामा टप्केको आँसुका थोपालाई पुछ्दै बूढीले दुःखलाई बिर्सने प्रयास गरिन्। बूढीको आँखैभरि र सम्झनैभरि ज्यामिरे पाखाको कथा नाँच्न थाल्यो (पृ. १९)।*

प्रस्तुत कथांशको प्रमुख पात्र काले कामी नेपाली समाजका किसानहरूको प्रतिनिधि पात्र हो। ऊ भूमिहीन किसान हो साथै सर्वहारावर्गको प्रतिनिधि पात्र पनि हो। ऊ भूदासत्वमा पिल्सिएको श्रमिक किसान हो। श्रम र श्रमको मूल्याङ्कनमा देखापरेको भिन्नताका कारण ऊ सर्वहारा भएर बाँच्न बाध्य छ। समाजमा उत्पादनका साधनमाथि स्वामित्व नभएका काले कामीजस्ता उत्पीडित वर्गले उत्पादनका निम्ति चर्को श्रम गरेका छन् तर यस वर्गले उत्पादनको उपभोग न्यूनतम रूपमा पनि गर्न पाएका छैनन्। काले कामीको समुदायले लगाएको बाली उठाउन नपाउदै रत्नसिंह मुखियाले लुटेर लगेको छ। कालेजस्ता किसानवर्ग

सधैँ फल पाउने आशामा श्रम गर्छन् तर फल खानको लागि उनीहरूले गाउँका सामन्त मुखियासँग सधैँ सङ्घर्ष गर्नु परिरहेको छ। काले र उसको समुदाय आफ्नो जन्मथलो वागलुङबाट मुखियाको ज्यादती सहन नसकी घरघडेरी छोडेर हिडेका हुन्। सधैँ माटोमा रगत र पसिना बगाएर खाने कालेजस्ता पीडित वर्गको जीवन ज्यामिरेमा आएपछि पनि मुखियाले बाली लुट्न ल्याएका गुण्डाहरूको पिटाइले पटक पटक थिलथिलो भएको छ। गरिबीमा जन्मिएको र हुर्किएको काले सधैँ श्रम गर्छ। मुखियाको घर बनाउँछ र बारीभरि बालीनाली लगाउँछ तर त्यसको उपभोग रत्नसिंहजस्ता सामन्तवर्गले गर्दछन्। उसको छाप्रोमा गरिबीका कारण जाडोमा लगाउने न्यानो लुगा र सुत्नको लागि ओड्ने ओछ्याउने छैन। यस्ता नेपाली समाजमा बाँचेका गरिबहरू कालेझैँ रातभरि जाडोले गर्दा निदाउन सक्दैनन्। गरिबीले गर्दा बस्नको लागि न्यानो घर नभएका कारण कालेको छाप्रोमा लगाएको दैलोको पलैँटोबाट पसेको चिसो सिरेटोले उसको शरीरभरि काढा उमारिदिन्छ। त्यसबाट बच्नको लागि काले पातलो बर्कोको लपेटोलाई मिलाएर खुट्टा खुम्च्याउँदै बारको आड लागी कुममा मुन्टो अड्याएर रात बिताउँछ। जाडो छल्नका लागि अँगेनामा बालेको आगोको अस्पष्ट रापले गर्दा मुखियाले कुटेको निधारको खत देखेपछि उसकी आमाले अतितको पीडालाई सम्झन पुग्छे। उसकी आमा पनि सधैँ सामन्त, मुखियाहरूको ज्यालामजदुरी गरेर जीवन बिताएकी महिला हो। बुढीको मन सारै दुख्छ। बुढीले मुखियाले दिएको अतीतको पीडालाई भुल्ने प्रयास गर्दै आँखामा टप्केका आँसुका थोपालाई पुछ्दछे। त्यो पीडादायी क्षणको सम्झनाले ज्यामिरे पाखाको कथा उसको स्मृतिपटलमा नाच्न थाल्छ। कालेकी आमा, मुखियाले ज्यामिरेमा बस्न दिनका लागि गरेको सर्तको अवमूल्यन र श्रमशोषणको लामो कथा मनभरि खेलाउन पुग्छे। यसरी ज्यामिरेको पाखो आवाद गरी बालीनाली लगाएर बसेको पन्ध्र वर्ष भएपछि पनि रत्नसिंहजस्ता समाजका सामन्तवर्गले त्यहाँबाट हटाउनका लागि गरेको षडयन्त्र र आफूले गरेको लामो सङ्घर्षको कथा सम्झेर कामी परिवारमा पीडा बल्झिन्छ। मुखियाप्रति उनीहरूमा असिम घृणा पैदा हुन्छ।

हरिहर खनालको 'अजम्मरी गाउँ' कथामा किसान वर्गका पात्रहरूको प्रतिनिधित्व सुरुमा अत्यन्तै कष्टकर एवं सामन्तहरूको शोषण र ज्यादतीबाट आक्रान्त रहे पनि कथाको अन्त्यतिर आइपुग्दा उनीहरूमा आफूमाथि गरिएको शोषण विरुद्ध आवाज उठाउन सक्ने प्रतिरोध चेतनाको विकास भइसकेको छ। उनीहरू सुरुमा सामन्तवर्गको ज्यादती सहन नसकी गाउँ छाडेर बसाइँ सरेका छन् तर अन्यत्र जादा पनि सामन्तवर्गले सधैँ लखेट्न खोजेपछि द्वन्द्व गरी किसानवर्गलाई वर्गीय मुक्ति दिलाउन सफल भएका छन्। प्रस्तुत कथामा रहेका चौध घर कामीहरू कथाको प्रारम्भतिर गाउँका सामन्तको ज्यादती सहन नसकी बागलुङको गाउँ छोडेर तराइतिर बसाइँ हिडेका छन् तर ज्यामिरे पाखामा आइपुगे पछि उनीहरूलाई रत्नसिंह मुखियाले ज्यामिरे सित्तैमा दिने प्रलोभनमा पारी रोक्छ। सोझा किसानहरू पनि खुशी भई भीरपाखा आवाद गरी रमाइलो गाउँ बनाएर ज्यामिरेमा बस्छन्। यसको बद्लामा मुखियाले राखेको प्रस्ताव स्वीकार गरी श्रमको विनामूल्य दुईवटा पक्की घर बनाइदिएर प्रतिघर पाँचवटा खेताला पनि बुझाइरहेका छन्। उनीहरूले यो सायद कहिल्यै सोचेनन् कि मुखियाले यहाँबाट हामीलाई एक दिन लखेट्नेछ। सधैँ माटोमा रगत र पसिना बगाई अन्न उब्जाएर छाक टार्ने सपना बोकेर बाँचेका यी किसानहरूलाई सोझासिधा देखेर नै मुखियाले बागलुङबाट लखेटेझैँ लखेट्न सक्छु भन्ने सोचेको थियो। कामीहरूलाई त्यहाँबाट लखेट्न उसलाई बहाना चाहिएको थियो। त्यसैले उसले अधियाँ बाली माग्ने निहुँ गरेर कामीहरूलाई त्यहाँबाट हटाउन खोज्यो। सोझासिधा कामीहरू उसले आफ्नो सर्त भुलेर आफूमाथि गरेको व्यवहार सम्झेर चिन्तित भएको देखेपछि उसले अधियाँ बाली दिँदैनौ भने अर्कै बस्ने ठाउँ खोज भन्दै तिनका झुप्राहरूमा सलाई कोरेर जलाइदिने चेतावनीसमेत दियो। भीरपाखा तथा वनजङ्गलको रूपमा रहेको ज्यामिरे पाखो सुन्दर बारीको रूपमा तयार भई बालीनाली झुलेको देख्दा कामीहरूलाई हटाएर उक्त ठाउँ सजिलै लिन सकिन्छ भन्ने उसलाई लागेको थियो। यस्तैगरी उसले लम्कीझम्की गरी नानाथरी भनेर तिनहरूलाई त्यहाँबाट हटाउन खोज्दा काले पनि चुप लागेर बसेको छैन। उसले मुखियालाई उसको सर्त सम्झाएको छ। मुखियाले अजम्मरी गाउँमा चिहान खन्न सुरु गरी कामीहरूले लगाएको बाली लुट्नको लागि गुण्डाहरू लगाए पनि अन्तमा कामीहरूले मुखियाको नै अन्त्य गरी किसानवर्गको केन्द्रीय प्रतिनिधित्व गर्दै वर्गीय मुक्ति दिलाएको कुरा निम्नलिखित उदाहरणबाट प्रष्ट हुन्छ :

> *"असत्ती, बज्जिया !" अगेनाको डिलमा बसेर घोरिइरहेकी कमिनी बुढीलाई अजम्मरी गाउँको कथाले जुर्मुन्याइदियो। रत्नसिंह मुखियाप्रति उसमा विद्रोहको भावना जागेर आयो। "ठुटोबुटो फाँडेर अन्न फलाएपछि, हाम्रा हाड घोटेर*

> *मल हालेपछि फल खान खोज्ने बज्जिया ! हामीलाई मार्न खोज्ने बज्जियालाई दैवले मारोस् ।" बुढीका विद्रोहका गीत घरको छानोलाई उधिनेर आकाशमा पुगेर घन्कँदै पर...पर... । घाउको दुखाई र मनको पीरमा हुँडुलिएर झोक्रिएको कालेमा पनि उसकी आमाको एकाएक चिच्याइले अरू बढी विद्रोहको लहर पैदा गरिदियो । ऊ जुरुक्क उठ्यो र भारको खुकुरी झिकेर च्वाप्प म्वाई खाएर सुम्सुम्यायो अनि दाहिने हातले खुकुरी समातेर हात तन्काउँदै करायो, "आमा ! म यसले रत्नेलाई सिध्याउने छु। यो गाउँलाई अजम्मरी बनाउने छु।"....एकदिन कालेको आँगनैभरि ज्यामिरेका कामीहरू भावी दिनको गोरेटो खन्नमा तल्लीन थिए । कुराको प्रसङ्गमा गुईठेले आफ्नो राय पेश गऱ्यो, "बरु अर्कै ठाउँ बसाइँ सर्न बेस हुन्छ हामीहरू ।" उसको कुरा टुङ्गिन नपाउदै मंगलेले बीचैमा कुरा काट्यो, "जहाँ गए पनि त छन् रत्नेजस्ता असत्ती मुखियाहरू..." मंगलेको कुरामा धेरैले विश्वास प्रकट गरे । "हामीहरू यहीँ बस्नुपर्छ, सबै मिलेर रत्नेजस्ता जुम्रा, उडुस र ब्वाँसाहरूलाई मार्नु पर्छ।" फुर्तिलो भएर सन्ते करायो । "हामीहरू मिल्यौ भने जे पनि हुनसक्छ।" ....ज्यामिरेको सिरानतिरबाट ओर्लिरहेको रत्नसिंह मुखियालाई देख्ने बित्तिकै कालेको आँगनमा बसेको समाजमा कौतुहल पैदा भयो र इर्ष्या र प्रतिशोधको भावना जाग्यो । कालेको गुहारमा सबैले साथ दिए । पन्ध्र सोह्र जना युवक तन्नेरीहरू हातमा चिरपट दाउरा लिएर रत्नेलाई छेकारो हान्न दौडिए । "ऐया बाबा ! मरे !! युवकहरूको प्रहारपछि डङ्रङ्ङ लडेको रत्नेको असहाय स्वर सुन्यो कालेले दौडदै जाँदा । मुखियाका साथीहरू भागिसकेका थिए र ऊ पिटाइले मुर्छा परेर छटपटाइरहेको थियो । "भाइ हो ! रत्ने बाँचेर गयो भने हाम्रो गाउँलाई अजम्मरी बन्न दिने छैन । यसको बीउसमेत मास्नु पर्छ।" अनि कालेले चम्किलो भएर कम्मरको खुकुरी थुत्त थुत्यो र हावामा चट्चट् काट्यो दुईपटक । अनि आँखा चिम्लेर छवाम्म भूइँमा मार हान्यो (पृ. २९-३१) ।*

प्रस्तुत कथांशमा किसान वर्गको केन्द्रीय प्रतिनिधित्व रहेको पाइन्छ । यस कथांशमा रहेका सोझा किसानहरूमा सामन्तवर्गको ज्यादतीले गर्दा वर्गीय द्वन्द्व उत्पन्न भएको छ । शिक्षा र चेतनाको कमी हुनाले सुरुमा सामन्ती समाजभन्दा पृथक समाज खोज्दै वागलुङ छोडेर यी कामीहरू तराईमा बसाइँ हिंडेका थिए तर यस्ता सोझासिधा किसान वर्गको रगत र पसिनाको शोषण गर्न बानी परेको रत्नसिंह मुखियाले ज्यामिरे पाखो सित्तैमा आवाद गरेर बसोबास गर्न दिने सर्तमा दुईवटा पक्की घर र प्रतिघर प्रतिवर्ष पाँचवटा खेताला लिइरहेको थियो । उत्तिसघारी र कटुसघारीको रूपमा रहेको जंगल, भीर र पाखोलाई बिराएर खेतीयोग्य जग्गामा परिणत गरी लहलह बाली झुलाउन थालेपछि उसको मनमा सोझा किसानहरूलाई त्यहाँबाट लखेटेर ज्यामिरे आफ्नो बनाउने कुविचार पलाउँछ । हुन त ज्यामिरे खेतीयोग्य जमिन बनेपछि बागलुङको मुखियाले झैँ लखेटौला भन्ने सोच उसले पहिले नै राखेको पनि हुनसक्छ । यो कुरा पहिले नै यी सोझासिधा किसानहरूले बुझ्न सकेनन् । यी किसानहरूले मुखियाको सर्त पूरा गरेकाले ज्यामिरे पाखामा लगाएको अन्न आफ्नै हुन्छ भन्ने कुरामा विश्वस्त थिए । जब ज्यामिरे पाखामा अन्नबाली झुलेर लहलह हुन थाल्यो तब उसले किसानहरूलाई त्यहाँबाट लखेट्ने सुरले अधियाँ बाली माग्यो । वास्तवमा अधियाँ बाली माग्नु भनेको नै जग्गाको स्वामित्व उसले आफूमा भएको प्रमाणित गर्न खोज्नु हो । उसको यो रणनीति किसानहरूलाई ज्यामिरेबाट हटाउने बहाना मात्र थियो किनकि उनीहरूसँग उसले अधियाँ बाली माग्दा दिदैनौ नै नभनी तिनका झुप्रामा आगो लगााइदिन्छु भन्नु र लम्कीझम्की गरी बाली लुट्नुले उक्त कुराको पुष्टि गर्दछ । उसले बाली लुट्न आउँदा नै उसका गुण्डाहरूको कुटाइबाट थला परेका सन्ते र काले तर्सिसकेका हुँदा अब उनीहरू डरले ज्यामिरे छोडेर जाने छन् भन्ने सोचेको थियो न कि तिनले उसको अन्त्य गर्ने छन् भन्ने उसलाई लागेन । उसले काले र सन्तेलाई मात्र वर्गशत्रु देखेको थियो । यी दुईलाई ठेगान लगाएमा अरू सबै डराएर ज्यामिरे छोड्ने छन् भन्ने उसको गलत सोचाइको परिणामस्वरूप उसले मृत्यु भोग्नुपऱ्यो । काले कामीले एक्कासी उसलाई खुकुरी प्रहार गरेको होइन । यी सोझा किसानहरूमा सामन्त प्रतिको सोचाइ त बागलुङदेखि नै नकरात्मक थियो । उनीहरूमा वर्गीय प्रतिरोध चेतना भने पहिलेदेखि नै जागृत थियो जसका कारण मुखियाको अत्याचारले सीमा नाघेपछि यो रक्तपातपूर्ण वर्गद्वन्द्वमा परिणत हुन गयो ।

ज्यामिरे पाखोमा बसोबास गरिरहेका यी चौध घर किसानहरू आफ्नो वर्ग रक्षाका लागि एकजुट नभएका र सबैमा रत्नसिंह मुखियाप्रति घृणा र शत्रुताको भावना पैदा नभएको भए यो घटना सायद घट्ने थिएन । वास्तवमा ज्यामिरेमा भएका सबै कामीकमिनी तथा केटाकेटीहरूसमेत मुखियाको वर्गशत्रु बनेका थिए । बाली लुट्न ल्याएका गुण्डाहरूको कुटाइले आफ्नो

छोराको निधारमा लागेको चोट धिपधिप बलेको अस्पस्ट आगोको उज्यालोमा हेर्दै मुखियालाई गाली गरेपछि कालेको मनको पीडा झन बल्झेर आउँछ। मनको पीर र घाउँको दुखाइले छियाछिया भएको कालेको मन उसकी आमाको चिच्याहटका कारण अरू बढी द्वन्द्वको भावना पैदा गर्न सहयोग गरिदिन्छ। ज्यामिरेमा रहेका चौध घर कामीहरूमा उसको अत्याचार निराकरणका लागि भएको छलफल, बहस र अन्त्य गर्ने योजना मुखियाको कानमा परे पनि ऊ नडराई त्यही बाटोबाट जानुले उक्त घटना घटाउन अझ सहयोग गरेको देखिन्छ। उसले आफैले राखेको सर्तको उल्लङ्घन गरी उसको अत्याचारले चरम सीमा नाघेको र अठार-बिस वर्षका अल्लारे युवाहरूको तातो रिस र उसले पालेका गुण्डाहरूबाट कुटाइ खानुको परिणामले गर्दा पनि उनीहरूले उसको अन्त्य गर्नुको विकल्प देखेनन्। ऊ बाँचेर गएमा उसले ज्यामिरेलाई अजम्मरी गाउँ बन्न नदिने र किसानवर्गको उसैले चिहान खन्ने हुँदा उसकै चिहान खनी किसानवर्गको वर्गीय मुक्तिका लागि उसको अन्त्य गरिएको देखिन्छ। माओको सिद्धान्तअनुसार योजनाबद्ध तरिकाले वर्गद्वन्द्व गर्दै सामन्तको अन्त्य गरी वर्गीय मुक्ति दिलाएझैं नदेखिए पनि पटक पटक दुःख दिएर ज्यामिरेबाट लखेट्ने र सोझासिधा किसानहरूको रगत र पसिनाको शोषण गर्न चाहने रत्नसिंहजस्ता सामन्तको अन्त्य गरेर किसान वर्गको वर्गीय प्रतिनिधित्व गर्दै वर्गीय मुक्ति दिलाउन यो कथा सफल भएको छ।

**निष्कर्ष**

हरिहर खनालद्वारा लिखित 'अजम्मरी गाउँ' कथामा समाजमा अस्तित्वका लागि जन्मेका सामन्त, किसान तथा श्रमजीवी वर्गको प्रतिनिधित्व गराइएको छ। उनको यस कथामा स्वार्थका कारण किसान वर्गको घरजग्गा कब्जा गरी बसाइँ हिँड्न बाध्य बनाइएको, उनीहरूले आवाद गरी बसेको पन्ध वर्षपछि पनि बाली लुटेर किसानहरूलाई कुटपिट गरी त्यहाँबाट लखेट्न खोजिएको, समाजका तानाशाह चरित्रका उपल्ला जातिले जनजाति तथा दलितहरूमाथि सामाजिक, आर्थिक र राजनैतिक तहमा एकाधिकार शासन गरी अधिकारबाट वञ्चित गरिएको उदाहरणले समाजमा अझै पनि सामन्ती व्यवस्थाको जरो रहिरहेको छ भन्ने पुष्टि हुन्छ। यस कथामा नेपाली समाजमा रहेका सामन्तवर्गबाट किसानहरूले भोगेका अन्याय, अत्याचार र श्रमशोषणका घटनालाई कथाको विषयवस्तु बनाइएको छ। यस कथामा रत्नसिंह मुखियाजस्ता सामन्त वर्गको शोषण र दमनमा बाँच्न बाध्य किसान वर्गका प्रतिनिधि पात्र काले कामी, सन्तेलगायत चौध घर कामीहरूमाथि भएको चरम शोषणको चित्रण गरिएको छ। समाजमा गरिबी, उत्पीडन, असहायपन तथा चरम खालका दीनहीन अवस्था त्यतिकै जन्मदैन। यसका पछाडि राज्यका अव्यवस्था र समाजका संरचना नै ठीक नभएर किसानले सधैँ अत्याचार सहनुपरेको र दमित हुनुपरेको कुरालाई प्रष्फुटन गरिएको छ। सामन्त वर्गले आफ्नो पहुँच कायम राख्नको लागि सदैव किसानवर्गमाथि शोषण र दमन गरेको कुरा उनका कथामा व्यक्त गरिएको छ भने किसानहरूमा पनि वर्गीय चेतनाको जागरण भएपछि विस्तारै एकजुट भएर सामन्ती शोषणको अन्त्य गर्दै वर्गीय मुक्तिको लागि आफूमाथि कुटपिट गरी बाली लुटेर लैजाने सामन्तको अन्तय गर्न सफल भएको कुरा किसान वर्गको प्रतिनिधि पात्र काले कामीले खुकुरी प्रहार गरी रत्नसिंह मुखियाको अन्त्य गरेको घटनाले पुष्टि गर्दछ। यस कथामा माओको सिद्धान्तअनुसार वर्गसङ्घर्ष गरी किसान वर्गलाई वर्गीय मुक्ति दिलाए जस्तो नदेखिए तापनि वागलुङबाट मुखियाले लखेट्दा घरघडेरी छोडेर आएका यी किसानहरूले ज्यामिरेको रत्नसिंह मुखियाको सर्त पूरा गरी पाखोआवाद गरेर बसेको पन्ध्रवर्ष पछि त्यहाँबाट लखेट्न खोज्दा उनीहरूले त्यहाँबाट लखेटिनुभन्दा मुखियाको अन्त्य गर्नुलाई नै विकल्पको रूपमा लिए। हुन त सजायको भागिदार अवश्य हुनुपर्दछ कामीहरूले तर पनि सामन्तहरूले किसानहरूमा अन्याय, अत्याचार गर्दै लखेटिरहने र किसानहरू सधैँ लखेटिरहुन् भन्ने मान्यता पनि युक्तिसङ्गत हुदैन। तसर्थ जेभए तापनि किसान वर्गको केन्द्रीय प्रतिनिधित्व गर्दै सामन्त वर्गसँग सशक्त वर्गद्वन्द्व गरी किसान वर्गलाई वर्गीय मुक्ति दिलाउन सफल भएको हुँदा वर्गीय प्रतिनिधित्वका आधारमा उनको यो कथा उत्कृष्ट रहेको छ।

**सन्दर्भ सामग्री**

आप्टे, वामन शिवराम (सन् १९६९). *संस्कृत-हिन्दी कोश.* दिल्ली : मोतीलाल बनारसीदास पब्लिसर्स।

आफानास्येभ, भिक्टर (सन् १९८५). *मार्क्सवादी-लेनिनवादी दर्शनशास्त्र.* (अनु. राजेन्द्र मास्के). जनस्रष्टा प्रकाशन गृह।

एङ्गेल्स, फ्रेडरिक (२०५६). *परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति.* (दोस्रो संस्क.) अनु. राजेन्द्र मास्के. काठमाडौँ : प्रगति पुस्तक सदन ।

खनाल, हरिहर (२०३७). *अजम्मरी गाउँ.* चितवन : जोशिलो प्रकाशन ।

चैतन्य (२०६५). *समीक्षा र सौन्दर्य.* 'खनालज्यूका दुई कथासङ्ग्रह बारे' काठमाडौँ : पाठ्यसामग्री पसल ।

पौड्याल, रामहरि (२०४९). 'अजम्मरी गाउँ आफ्नै दृष्टिमा'. *आराधना,* १/१ पृ. १० ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

मार्क्स, कार्ल (२०६३). *मार्क्सवादी दर्शनशास्त्रको आधारभूत सिद्धान्तहरू.* काठमाडौँ : एसिया पब्लिकेशन ।

यार्माकोवा, आन्तोनिना र रात्निकोब, बालेन्तिन (सन् १९८८). वर्ग और वर्गसङ्घर्ष क्या है *?* (अनु. सुरेन्द्र कुमार). मस्को : प्रगति प्रकाशन ।

लेनिन, भ्ला.इ (सन् १९८५). *सङ्कलित रचना भाग-६.*(नेपाली संस्क.) अनु. राजेन्द्र मास्के, काठमाडौँ : प्रगति प्रकाशन ।

श्रेष्ठ, कृष्णदास (२०६५). *समाजविकासको क्रम.* (अनु. तेस्रो सस्क.). काठमाडौँ : श्रीलाल कायस्थ ।

Barker, Chris (2000) . *Cultural studies : Theory and practice* . London M Sage publication .